


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily




❑ वर्ष २२ ❑ अङ्क १६९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार १८ गते शुक्रबार ❑ 2 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## ८५ दिनपछिको पहिलो उडान उत्साहजनक

**रासस**
**काठमाडौं, १७ असार**

कोभिड-१९ महामारी नियन्त्रणका लागि स्थगन गरिएको मुलुकको आन्तरिक हवाई उडान ५८ दिनपछि बिहीबारदेखि पुनः सञ्चालनमा आएको छ । निषेधाज्ञापछि शुरु भएको हवाई उडानको पहिलो दिन यात्रुको निकै उत्साहजनक सहभागिता रह्यो । निषेधाज्ञा अघिको उडान हुने सङ्ख्याका आधारमा अहिलेलाई ५० प्रतिशत मात्रै उडान अनुमति दिइएको छ।

नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले आन्तरिक वायुसेवा कम्पनीको दैनिक ६४ उडान सञ्चालन गर्नेगरी उडान तालिका बनाएको हो। कोभिड महामारी नियन्त्रणका लागि सरकारले वैशाख १६ देखि निषेधाज्ञा लागू गरेको थियो। वैशाख २० देखि आन्तरिक र वैशाख २३ देखि अन्तरराष्ट्रिय उडान स्थगन गरिएको थियो।

अग्रणी वायुसेवा प्रदायक कम्पनी बुद्ध एयरले बिहीबार ३१ उडान गरेको छ । ती उडानबाट झण्डै तीन हजार ८०० यात्रुले सेवा लिएका छन् । बुद्ध एयरका वितरण तथा बजार निर्देशक रूपेश जोशीका अनुसार आज पहिलो दिन तीन हजार ५०० बुकिङ भएको थियो । जुन कम्पनीका लागि निकै उत्साहजनक सङ्ख्या हो । पहिलो बन्दाबन्दीपछि भएको उडानमा यत्तिको सहभागिता थिएन । प्राधिकरणको उडान तालिकाअनुसार हरेक घण्टामा सात उडान मात्रै हुनेहुँदा विमानस्थलमा भिडभाड देखिएको छैन । कोभिडविरुद्धको निर्देशिकाअनुसार उडान सेवा सञ्चालन भइरहेको छ । हरेक यात्रुको तापक्रम मापन, ह्याण्ड सेनिटाइजरको व्यवस्था, विमानभित्र मास्क र फेशशिल्डको अनिवार्य प्रयोग गरी सुरक्षाका प्रमुख उपाय अपनाइएको कम्पनीले विज्ञप्तिमार्फत जनाएको छ । बाढीपहिराले बाटोघाटो असहज भएका गन्तव्यमा बुद्ध एयरले उडान थप गरेको छ। बुद्ध एयरसँग १५ वटा जहाजमध्ये १० एटिआर ७२, तीन वटा एटीआर ४२ र दुई वटा बिचक्राफ्ट जहाज रहेका छन्।

कोभिड महामारी नियन्त्रणका लागि सरकारले वैशाख १६ देखि निषेधाज्ञा लागू गरेको थियो । वैशाख २० देखि आन्तरिक र वैशाख २३ देखि अन्तरराष्ट्रिय उडान स्थगन गरिएको थियो। विमानस्थलले कोभिड-१९ महामारीको हालको जोखिम स्थितिलाई ध्यानमा दिई यात्रुको सुरक्षित आवागमनका लागि नेपाल सरकार र विमानस्थलबाट जारी रएको स्वास्थ्यसम्बन्धी मापदण्ड/प्रोटोकल प्रभावकारी रूपमा पालना गराइएको र सोको सुपरीवेक्षण समेत गरिएको जनाएको छ।

## नदीपुरमा बर्षादको कारण चर्कीएका घरहरुको उचित क्षतिपूर्ति उपलब्ध गराउन पहल गर्छु: सांसद बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असार**

गण्डकी प्रदेश सभा सदस्य (सांसद) रामजी प्रसाद बराल (जीवन) ले बर्षादका कारण पोखरा ३ नदीपुरमा क्षति भएको दुई घरको उचित क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक पहल गर्ने बताएका छन्।

बिहीबार पोखरा नदीपुर स्थित ज्ञानमार्गका दुई घरमा भएको क्षतिको बारे बस्तु स्थिती बुझ्दै बर्षादका कारण क्षती भएका घरहरुलाई उचित क्षती पुर्ति उपलब्ध गराउन बिषेश पहल गर्ने बताएका हुन् । असारे विकासको संस्कार अझै पनि कायम भएकोले गर्दा बर्षादको समयमा हुने पूर्वाधार निर्माणले थप



समस्या ल्याउन सक्ने भएकोले थप सजग हुनु पर्ने सांसद बरालको भनाई छ। ढल निर्माणको क्रममा दुई घरमा पुगेको क्षतिको बिषयमा इन्जिनीयर सहित अन्य व्यक्तिहरु दोषी हुन सक्ने उनको भनाई छ। सोचमा परिवर्तन आउन नसक्दा पुरानै ढंगबाट काम हुने हुदा पनि विकाससंगै विनास

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## डेविजफल, गुप्तेश्वर गुफाको मापदण्ड घटाउन मुख्यमन्त्रीलाई ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असार**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई डेविजफल, गुप्तेश्वर गुफाको मापदण्ड घटाउन नेपाली कांग्रेस वडा समिति पोखरा-१७ ले ध्यानाकर्षण गराएको छ।

समितिका तर्फबाट बुधबार डेविजफल, गुप्तेश्वर महादेव गुफा तथा फेवातालबाट पानी निकास भई बगेको खोलाको मापदण्ड तीन मिटर गर्नुपर्ने मागसहित मुख्यमन्त्रीको कार्यालयमा आयोजित एक कार्यक्रमकाबीच सभापति देवराज आचार्यले मुख्यमन्त्री पोखरेललाई ध्यानाकर्षणपत्र हस्तान्तरण गरे।

पोखरा-१७ गुप्तेश्वर महादेव गुफा वरिपरि कायम गरिएको मापदण्ड हटाउन, डेभिजफल खोला (फेवा बाँधदेखि डेभिजफल हुँदै फुस्रेखोलासम्म) को नयाँ मापदण्ड हटाई तीन मिटर मापदण्ड कायम गराउन, डेभिजफल (पातलेछाँगो) हालसम्म छोरेपाटन माविले भोगचलन, आयआर्जन गरिआएकोमा सोको बिना शर्त निरन्तरता कायम राख्ने विषय ध्यानाकर्षणपत्रमा उल्लेख छ । पोखरा महानगरपालिकाले डेविजफललगायत अन्यलाई आफ्नै अनुमानको आधारमा सेती नदीको मापदण्डअनुसार कायम गर्नु आपत्तिजनक रहेको ध्यानाकर्षणपत्रमा भनिएको छ । गुप्तेश्वरगुफाकोमध्यभागबाट२०० मिटर मापदण्ड कायम गरेको धेरै समय पहिलादेखि नै महानगरपालिकाले नै नक्सा स्वीकृत गरी भवन निर्माण गर्न अनुमति दिएकामा हालको मापदण्डले चारैतिर रोक्का हुँदा स्थानीयवासी समस्यामा परेको जनाइएको छ । सामान्य र नियन्त्रितरूपमा बहाव रहेको डेभिजफल खोलालाई पनि ३० मिटरको मापदण्ड भनिएकोमा सो मापदण्ड आवश्यक नभएकोले तीन मिटर कायम गर्न समितिले अनुरोध गरेको छ । डेभिजफल पर्यटकीय क्षेत्र भएकाले आकर्षक र रमणीय बनाउनुपर्नेमा विभिन्न बहानामा टेण्डर गराउन नपाइने उल्लेख गर्दै ध्यानाकर्षणपत्रमा भोगाधिकार प्राप्त संस्था छोरेपाटन माविलाई नै निरन्तरता दिनुपर्ने माग गरिएको छ। मुख्यमन्त्री पोखरेलले उठाइएका विषयलाई गम्भीरताका साथ लिँदै समाधानका लागि पहल गर्ने विश्वास व्यक्त गरे।

## लायन्सका डिष्ट्रिक्ट गभर्नर आचार्यद्धारा पदभार ग्रहण

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असार**

लायन्स क्लब्स् इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ बि १ को लायन वर्ष २०२१-२२ का लागि निर्वाचित डिष्ट्रिक्ट गभर्नर लायन विश्वेश्वर आचार्यले पदभार ग्रहण गरेकाछन्।

बिहीबार लायन्स डिष्ट्रिक्ट सचिवालय काठमाडौंमा आयोजित एक समारोहमा गभर्नर आचार्यले पदभार ग्रहण गरेकाहुन् । लायन वर्ष २०२०-२१ का गभर्नर लायन मानबहादुर रोक्काले वर्ष २०२१-२२ का लागि निर्वाचित डिष्ट्रिक्ट गभर्नर आचार्यलाई पदिय दायित्व हस्तान्तरण गरेका हुन्।



समारोहमा लायन वर्ष २०२१-२२ का लागि निर्वाचित प्रथम भाइस डिष्ट्रिक्ट गभर्नर लायन महेन्द्र पौडेल, द्धितिय भाइस डिष्ट्रिक्ट गभर्नर लायन मणीश्री रत्नबज्राचार्य, क्याबिनेट सेक्रेटरी लायन दुर्गा प्रसाद हुमागाई र क्याविनेट ट्रेजरर लायन पृथ्वीराजशर्मा तिमिल्सिनाले आ-आफ्नो पदिय दायित्व ग्रहण गरेका थिए। हरेक वर्ष जुलाई १ तारिकबाट लायन्स क्लवको नयाँ कार्यकाल शुरु हुने परम्परा रहेको छ। त्यही अनुसार आजबाट आफ्नो कार्यकाल सम्हालेका डिष्ट्रिक्टग भर्नर आचार्यले पहिलो दिन नै ७५ वटा नयाँ क्लब चार्टर गरि विश्व कै उत्कृष्ट गभर्नरको रुपमा इतिहास रचेका छन्।

त्यसै गरि एलसिआइएफमा १८ जनाले १८ हजार डलर योगदान र डिष्ट्रिक्ट गभर्नरको यस वर्षको मुख्य कार्यक्रम लायन्स मोडेल भिलेजका लागि स्थापित लायन्स वेलफेयर बैंकमा ५१ लाख भन्दाबढी रकम पहिलो दिन मै संकलन गर्न सफल भएको बताइएको छ । लायन्स क्लबले विभिन्न समाजिक सेवाका कार्यहरु गर्दै आइरहेको छ र यस वर्ष पनि डिष्ट्रिक्ट गभर्नरले समाजिक सेवाका कार्यहरुका साथ साथैदिगो विकासलाई प्राथमिकतामा राखेर विभिन्न क्षेत्रका १४ वटा पिछडिएका गाँउहरु छनोट गरी त्यो गाँउलाई मोडेल भिलेजका रुपमा स्थापित गर्ने गरि आफ्नो कार्य योजना तयार पारेको डिष्ट्रिक्ट गभर्नर लायन विश्वेश्वर आचार्यले सफल आवाजलाई बताए।

समारोहमा डिष्ट्रिक्टका पिएमसिसि, पिडिजीका साथै अन्य लायन लिडरहरुको उपस्थिति रहेको थियो।

## पर्यटन व्यवसाय पुनरुत्थानका लागि ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असार**

पर्यटन व्यवसायी महिला संघ नेपाल (टेवान) ले कोरोना प्रभावित पर्यटन व्यवसायको पुनरुत्थानका सम्बन्धमा गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपालीको ध्यानाकर्षण गराएको छ।

टेवानका तर्फबाट मुख्यमन्त्री पोखरेललाई बिहीबार ध्यानाकर्षणपत्र बुझाउँदै अध्यक्ष रेनु थापाले पर्यटकीय गन्तव्य पोखरा र यसलाई केन्द्रविन्दु मानी समग्र गण्डकी मा पर्यटन क्षेत्रमा गरिएको रु पाँच खर्बभन्दा बढी लगानी कोरोनाका कारण प्रभावित भएको बताए।

सरकारबाट ल्याइएका व्यवसाय पुनरुत्थान कार्यक्रम तथा सेवासुविधाको कार्यान्वयन पक्ष सुस्त गतिमा बद्दा व्यवसायी नै पलायन हुने र निरुत्साहित हुने क्रम बढ्दै गइरहेको जनाउँदै टेवानले पर्यटन व्यवसायको पुनरुत्थानका लागि छबुँदे माग अघि सारेको छ।

पर्यटन व्यवसायमा अग्रपंक्तिमा खटिने व्यवसायी तथा मजदूरलाई अनिवार्य कोरोना वरुद्धको खोपको व्यवस्था गर्न माग गरिएको छ । गण्डकी सरकारबाट गत वर्ष ल्याइएको रु एक अर्बको व्यवसाय जीवन रक्षा कोषबाट हाल पाँच प्रतिशत व्यवसायीले पनि ऋण नपाएका अवस्थामा सो कोषको रकमलाई सहुलियत कर्जास्वरुप यथाशीघ्र सबै व्यवसायीलाई सहज रुपमा प्रदान गर्ने गरी नीतिगत रुपमा पहल गरिदिन र कोषलाई आगामी आर्थिक वर्षमा बढाएर दुई अर्ब रुपैयाँ पुऱ्याई कार्यान्वयनमा सहजीकरण गरिदिन आग्रह गरिएको छ । व्यवसायीले प्रयोग गर्दै आएका पर्यटकबाहक सवारी (हरियो नम्बर प्लेट) को वार्षिक सवारी कर तथा नवीकरण शुल्क एवम् बीमा रकम आदिमा छुट प्रदान गर्नेलगायत माग गरिएको छ।






# क्वालिटी अफ लाईफ सारङ्गकोटद्वारा स्वास्थ्य सामाग्री प्रदान

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असार**

क्वालिटी अफ लाईफ सराङ्गकोटले गुल्मिको एक गाउँपालिका स्थित स्वास्थ्यचौकीलाई २ वटा कन्सन्ट्रेसन मेसिन सहित आवश्यक स्वास्थ्य सामग्री उपलब्ध गराएको छ।

एक्काइस वर्षदेखि समुदायमा सञ्चालन हुँदै आएको उक्त सामाजिक संस्थाले गुल्मेली समाज पोखराको समन्वयमा गुल्मी जिल्लाको काली गण्डकी गाउँपालिकाको पूर्तिघाटमा रहेको स्वास्थ्य चौकीलाई आवश्यक स्वास्थ्य सामग्री सहयोग गरेको संस्थाका अध्यक्ष रामचन्द्र शर्माले जानकारी दिए। संस्थाले दुई वटा कन्सन्ट्रेसन मेसिन, पिपिई सेट, (डिस्पोजेवल एण्ड नन डिस्पोजेवल) भिटामिन डि, सी ट्याब्लेट, विभिन्न आवश्यक औषधिहरु, अक्सीमिटर, थर्मामिटर, जिङ्क ट्याबलेट, प्यारा सिटामोल,सेनिटाइजर, एन ९५ मास्क, सर्जिकल मास्क, फेससिल्ड, डिस्पोजेवल एण्ड नन् डिस्पोजेवल पञ्जा गरी संस्थाले रु ५ लाख ८५ हजार रुपैयाँ बराबरको सहयोग उक्त स्वास्थ्य चौकीका ल्याब




असिस्टेन्ट टेक्निसियन सुदर्शन श्रेष्ठलाई हस्तान्तरण गरेको हो। शर्माले गुल्मेली समाज पोखरा लगायत यस कार्यक्रमलाई सहयोग गर्ने क्वालिटी अफ लाईफ बेल्जियम, लुङ्गता नेपाल बेल्जियम र सहयोगी हातहरुको साथ विकट र सहयोग पुग्न नसकेको ठाउँमा सहयोग गरेर सामाजिक उत्तरदायित्व र मानवीय कर्तव्य पुरा गरेको बताए। उनका अनुसार एक्काइस वर्षदेखि समुदायमा सञ्चालन हुँदै आएको सामाजिक संस्था दिवा शिशु स्याहार केन्द्र, विपन्न, गरिब असहाय र अपाङ्गता भएका बालबालिकाहरुको लागि निःशुल्क शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा साथै २०७२ सालको विनाशकारी भुकम्प पीडित र बाढीपहिरोपीडितहरुको लागि पनि राहत कार्यक्रम गर्दै शर्माले जानकारी गराए। समाजका अध्यक्ष भानुभक्त भण्डारीले विश्वभर महामारीको रूपमा फैलिरहेको कोभिड १९ को पहिलो र दोस्रो भेरियन्टले विश्व नै आक्रान्त भैरहेको अवस्थामा उपलब्ध विकट गाउँको स्वास्थ्य चौकीमा गरिएको स्वास्थ्य सामग्री सहयोगले विरामीको जीवन बचाउन महत्वपूर्ण हुने विश्वास व्यक्त गरे।

उक्त कार्यक्रममा गुल्मेली समाज पोखराका पूर्व अध्यक्ष बाबुराम बराल, क्वालिटी अफ लाईफ सारङ्गकोट नेपालका पूर्व कोषाध्यक्ष एवम् बरिष्ठ सदस्य गोबिन्दराज पहारी लगायतको उपस्थिती रहेको थियो।

# पाँचौ पोखरा स्पोर्टस् अवार्ड

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असार**

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा भोलि (शुक्रबार) पाँचौ पोखरा स्पोर्टस् अवार्ड-२०७६/७७ हुँदैछ। मञ्चले कोरोना महामारीका कारण स्वास्थ्य सुरक्षा मापदण्ड कायम गर्दै पोखरा रंगशालाको ब्याण्डमिन्टन हलबाट सेमि भर्चुअलरुपमा सो समारोह गर्दैछ।

७ विधामा प्रदान गरिने अवार्डमध्ये लाइफ टाइम अचिभमेन्ट अवार्ड पोखराको फुटबल खेल विकासमा योगदान पुऱ्याएका केशव रञ्जित (आनन्द) र वर्ष उत्कृष्ट खेल संघ पुरस्कार जिल्ला आर्चरी संघलाई दिइने यसअघि नै घोषणा गरिएको छ। खेल पत्रकारितामा योगदान पुऱ्याएकामध्ये उत्कृट खेल पत्रकार (२ जना) को घोषणा समारोहमै गरिनेछ।

यस्तै, उत्कृष्ट ३ मनोनयनतर्फ वर्ष उत्कृष्ट पुरुष विधामा नवीन रसाइली (कराते), विनेश खनियाँ (टेबलटेनिस) र सुमन अर्याल (फुटबल) परेका छन् भने वर्ष खेलाडी महिलामा जमुना थापा (साइक्लिङ), पार्वती गुरुङ (तेक्वान्दो) र प्रशंसा क्षेत्री (तेक्वान्दो) परेका छन्। उदीयमानतर्फ दुवाना लामा (पौडी), प्रदीप खड्का (लनटेनिस) र विपीन खत्री (क्रिकेट) तथा उत्कृष्ट प्रशिक्षकमा आनन्द कुँवर (पौडी), किरण श्रेष्ठ (फुटबल) र सुरेश मल्ल ठकुरी (बक्सिङ) मनोनीत छन्। हरेक विधामा उत्कृष्ट १ जनाले मूल कार्यक्रममा नगद सहित अवार्ड जित्ने छन्। साथै मनोनीत सबैलाई ट्रफी र प्रमाणपत्र उपलब्ध गराइनेछ। लाइफटाइम अचिभमेन्ट अवार्डमा चाँदीको करुवा, ताम्रपत्र, ट्रफी र दोसल्ला छ भने वर्ष खेलाडी पुरुष र महिलालाई जनही २/२ लाख, सम्मानपत्र, ट्रफी र दोसल्ला प्रदान गरिने छ। वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेल संघ, वर्ष उत्कृष्ट खेल पत्रकार (२ जना) लाई जनही ३५ हजार, सम्मानपत्र, ट्रफी र दोसल्ला दिइनेछ। अघिल्लो वर्ष हुन नसकेको सो अवार्ड यसपालि वर्ष २०७६/७७ दुवैलाई जोडेर संयुक्त रुपमा गण्डकी प्रदेशस्तरको प्रतिनिधित्व हुने गरी स्पोर्टस् अवार्ड प्रदान गरिने मूल आयोजक समिति संयोजक एवं मञ्च अध्यक्ष एकराज गिरीले बताए। मूल कार्यक्रमको एबिसी न्यूज टेलिभिजन र पोखरा टेलिभिजन सहित युट्वबाट शुक्रबार दिउँसो ठिक ३ बजे लाइभ प्रसारणको व्यवस्था मिलाइएको प्रचार सयोजक एवं मञ्च महासचिव विजय नेपालले बताए। गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको प्रमुख आतिथ्यमा सो समारोह हुनेछ। अवार्ड समारोहमा विविध कार्यक्रमसमेत हुने छन्।

खेलाडी छनोटका लागि मञ्चका संस्थापक अध्यक्ष रामकृष्ण ज्ञवालीको संयोजकत्वमा प्रतिभा छनोट समिति गठन गरिएको छ। जसको सदस्यमा केशव पाठक, दीननाथ बराल, सन्देश श्रेष्ठ, सुदर्शन रञ्जित तथा उत्कृष्ट पत्रकार छनोट समितिमा त्रिभुवन पौडेल, दीपेन्द्र श्रेष्ठ र विनोद लामिछाने एवं पदेनसदस्यमा मञ्च अध्यक्ष एकराज गिरी र महासचिव विजय नेपाल छन्। सहयोगी संस्थामा राष्ट्रिय खेलकुद परिषद् (राखेप), गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, कास्कीका माछापुच्छे, अन्नपूर्ण, मादी र रुपा गाउँपालिका, स्याङ्जाको पुतलीबजार नगरपालिका र फेदीखोला गाउँपालिकाले सहयोगको प्रतिबद्धता भैसकेको छ। यस्तै, पोखरा लेकसिटीका तर्फबाट निर्देशक डा. विष्णु नेपालीले लाइफ टाइम अचिभमेन्ट अवार्डवापत ४० हजार, माई होटल, लेकसाइडतर्फबाट प्रबन्ध निर्देशक तोरणबहादुर बानियाँले उदियमान खेलाडीलाई प्रदान गरिने ३५ हजार र पोखरा रामबजार निवासी स्व. सेनानी हेमबहादुर पुनको स्मृतिमा उहाँको परिवारजनबाट पत्रकार (वर्ष २०७७) लाई प्रदान गरिने अवार्डमा नगद ३५ हजार रुपैयाँ प्रायोजन सम्झौता भएको छ। साथै लाइभ पार्टनरमा एबीसी न्यूज टेलिभिजन र पोखरा टेलिभिजन, इन्टरनेट पार्टनरमा वर्ल्ड लिंक, रेष्टुरेन्ट पार्टनरमा मुगलान रेष्टुरेन्ट सभागृहचोक छ भने बैंकिङतर्फ लुम्बिनी विकास बैंक, मुक्तिनाथ विकास बैंक, प्रभु बैंक, पोखरा फाइनान्स छन्। यस्तै केल्मी प्रालि, सिर्जना विकास केन्द्र, सिटी एजुकेसन एण्ड कन्सल्टेन्सी, राजेश गुरुङ (राखेप सदस्य), मिलन गुरुङ (एन्फा कास्की), पोषण थापा (फेवा सिल्टेसन प्रालि), राजन गुरुङ (समाजसेवी एवं युवा व्यवसायी), परिचय एड्भरटाइजिङ, एसके साउण्ड लगायत सहयोगी छन्।

# राससलाई बलियो बनाउन हाम्रो साथ रहन्छ : प्रदेश प्रमुख पौडेल

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असार**

गण्डकी प्रदेश प्रमुख सीताकुमारी पौडेलसँग राष्ट्रिय समाचार समितिका अध्यक्ष श्यामल अधिकारी र महाप्रबन्धक सिद्धराज राईले बिहीबार भेटघाट गरेका छन्।

प्रदेशप्रमुखको सरकारी निवासमा भएको भेटघाटमा जनता र राष्ट्रलाई जोड्ने माध्यमका रूपमा राससले गरेको सेवा प्रवाहलगायत विषयमा छलफल भएको थियो। भेटघाटमा प्रदेश प्रमुख पौडेलले प्रत्येक सञ्चारमाध्यमले सत्यतथ्य सूचना सम्प्रेषण गर्नुपर्नेमा जोड दिँदै पछिल्ला समयमा सामाजिक सञ्जालको अत्यधिक दुरुपयोग बढ्दै गएकामा चिन्ता व्यक्त गरिन। राससलाई बलियो बनाउन आफ्नातर्फबाट साथ र सहयोग रहने विश्वास पनि उनले दिलाइन। राससका अध्यक्ष श्यामलले



देशका ७७ वटै जिल्लामा राससको उपस्थिति रहेको जानकारी दिँदै यसले राज्यको आवाज जनतासँग र जनताको आवाज राज्यसँग पुऱ्याउने काम गरिरहेको बताए। सरकारका सत्यतथ्य समाचार सम्प्रेषणका लागि राससको अधिकतम उपयोग गर्नाका साथै स्रोतसाधन सम्पन्न बनाउन प्रदेश सरकारको महत्वपूर्ण भूमिका हुनेमा उनको जोड थियो। राससका महाप्रबन्धक राईले पोखरास्थित रासस गण्डकी प्रदेश कार्यालयको भवन जीर्ण भएका कारण यसलाई भत्काएर नयाँ बनाउने तयारीमा लागिएको जानकारी दिए।

रासस सेवाको गुणस्तरीयता अभिवृद्धि गर्दै प्रभावकारी सेवा प्रवाह गर्नेतर्फ आफूहरू लागेको उनको भनाइ थियो। भेटघाटमा रासस गण्डकी प्रदेश कार्यालय प्रमुख वासुदेव पौडेल, सहायक समाचारदाता हरिप्रसाद बाँस्तोला, प्रदेश प्रमुखको सचिवालयका मुकुन्द दाहाललगायतको उपस्थिति थियो।

# नदीपुरमा ...

निम्तिएको सांसद बरालको भनाई छ। बर्खायाममा भौतिक संरचना निर्माण गर्दा र डोजर चलाउदा ध्यान दिनुपर्ने बताएका सांसद बरालले भुगलको अध्यय विना गरीने विकासले विनास निम्तिएको दाबी गरे। पोखरा ३ कन्या मार्गका जयराम पाण्डे र देओबहादुर पुनको यही असार १३ गते राति आएको बर्षादको कारण घरको भित्ताहरु चर्कीएको कन्या मार्ग उपभोक्ता समितिका अध्यक्ष महाविर थापाले बताए। पाण्डे र पुन परिवारको घरमा भएको क्षतिपुर्ति कसरी उपलब्ध गराउन सकिन्छ त्यसको बारेमा र भैरवटोल देखि कन्यामार्ग सम्मको करिब ७ सय ५० मिटर दोहोरो नाला सहितको पिच सडक निर्माणमा पहल गर्न सांसद बराल समक्ष आफुहरुले आग्रह गरिएको अध्यक्ष थापाले बताए। विकासमा सवै एक हुनु पर्ने सचिव कृष्ण अधिकारीले बताए। कागेंसका नेता दिलीप गिरीले पूर्व योजना विना विकास निर्माण हुदा हाल खानेपानी बिस्तारले गर्दा नदीपुर क्षेत्रको सडक छियाछिया भएको दाबी गरे। स्थानिय भूपालजंग कुवंरले ठेक्का दिएका धैरै ठाँउमा जनताको सहमति विना आफ्नो ढंगले काम गर्दा पनि नदीपुरमा दुई घरमा क्षति पुगेको हुन सक्ने बताए।

स्थानिय सुनिता बस्नेत, बालकृष्ण काफ्ले, पोखरा महानगरपालिका वडा नम्बर ३ का वडा सदस्यहरु रविन कायस्थ, लक्ष्मी पराजुली लगायतले नदीपुर क्षेत्रमा प्रदेश र संघिय सरकारको खासै ध्यान नगएको गुनासो गरेका थिए। पोखरा महानगरपालिका वडा नम्बर ३ को वडा कार्यालयबाट २० प्रतिशतको जनश्रमदान बाहेक ७ लाख ५० हजारको लागतमा ९५ मिटर स्याप सहित दोहोरो नाला निर्माण कार्यको जिम्मा लिएका लाल बहादुर लामाले आफुले काम गर्दै जादा ठुलो बर्षाद भएर घरहरु चकौन पुगेको बताए। बर्षादले गर्दा घर चर्कीयसंगै पाण्डे र पुन परिवार विगत चार दिन देखि राम्रोसंग घरमा बस्न समेन नपाएको गुनासो गरेका छन्।


# खनाल -नेपाल समूह केन्द्रीय कमिटी बैठकमा सहभागी नहुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असार**

नेकपा (एमाले) ले बोलाएको केन्द्रीय कमिटी बैठकमा वरिष्ठ नेता झलनाथ खनाल -माधवकुमार नेपाल पक्ष सहभागी नहुने भएको छ। बिहीबार सो समूहको बुद्धनगरमा बसेको बैठकले यथास्थितिमा बैठकमा सहभागी नहुने सर्वसम्मत निर्णय गरेको उपाध्यक्ष भीमबहादुर रावलले जानकारी दिए। एमालेले महाधिवेशन आयोजक कमिटी भङ्ग गरी शुक्रबारका लागि केन्द्रीय कमिटी बैठक बोलाएको छ। पार्टीलाई २०७५ जेठ २ अगाडिको अवस्थामा फर्काउनुपर्ने माग गर्दै आएको समूहले अहिलेको स्थितिमा बैठकमा सहभागी हुन नसकिने निष्कर्ष निकालेको हो।


गण्डकी प्रदेश सरकार,
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य निर्देशनालय पोखराको अनुरोध

जन्मेदेखि दुई महिना सम्मको शिशुमा खतराका चिन्ह देखा परेमा उपचारको लागि तुरुन्त स्वास्थ्य संस्थामा प्रेषण गर्ने




ध्यान दिनुहोस्:
क) यी मध्ये कुनै पनि चिन्ह देखिएमा शिशुलाई आमाको दुध चुसाउँदै मायाँको अँगालोमा राखेर प्रेषण गर्ने।
ख) शिशु अवधि नपुग्दै जन्मेको भएमा वा जन्मदा कम तौल भएमा पनि प्रेषण गर्ने।
ग) शिशुलाई कमलपित्त भएमा पनि प्रेषण गर्ने।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरिन्छु।

\- जर्ज बार्बर

## सम्पादकीय

# बाढी पहिरोको वितण्डा

असार शुरुदेखि भारी वर्षाले बाढी, पहिरोले मानवीय र भौतिक क्षति पुऱ्याउँदै आएको छाबाढी र पहिरोले सिन्धुपाल्चोकको मेलम्ची र हेलम्बुमा मानवीय र भौतिक क्षतिको पीडा कम नहुँदै फेरि बाढी र पहिरोले वितण्डा मच्चाएको छाभारी वर्षासँगै गएको बाढी, पहिरो र डुबानका कारण आज मुलुकका विभिन्न क्षेत्रको जनजीवन प्रभावित भएको छ। रातिदेखि नै परेको वर्षाले यसपाली तराई क्षेत्र बढी प्रभावित भए पनि अन्य जिल्लामा जनधनको क्षति पुऱ्याएको छ। केही ठाउँमा पहिराले सडक अवरुद्ध पारेको छ। कतिपय ठाउँमा डुबान भएको र कतिपय स्थानका नदीमा पानीको बहाव उच्च हुन पुगेको छ। केही मानिसको मनसुनयन्य विपद्मा परेर मृत्यु भएको र केहीको उद्धार गरिएको छ। केही हराइरहेका गृह मन्त्रालयले जनाएको छ।

तनहुँको बन्दीपुर गाउँपालिका वडा नं ३ मा माथिबाट खसेको पहिरोले घर पुर्दा वर्ष ३७ की हरिमाया नेपाली र सोही ठाउँ बस्ने सरस्वती थापाको मृत्यु भएको गृह मन्त्रालयले जानकारी दिएको छ। अन्य तीन जना घाइते भएका छन्। सोही जिल्लाको शुक्लागण्डकी नगरपालिकामा खसेको पहिरोमा परेका दुई जनाको सकुसल उद्धार गरिएको छ। यसपाली बाढी र डुबानले तराइका जिल्ला नराम्ररी प्रभावित भएका छन्। चितवनको रत्ननगर नगरपालिका-८ रमाइलो डाँडा क्षेत्रमा बुढी राप्ती बस्तीमा पस्दा २० घरका १०० जना विस्थापित भएका छन्। यस्तै सौराहाका केही क्षेत्र डुबानमा परेको छ। जिल्लाको राप्ती, कालिका ररत्ननगर नगरपालिका विभन्नि क्षेत्रसमेत प्रभावित भएको छ। राप्तीस्थित पम्फा खोला पसेर केही बस्ती नै डुबानमा पारेकाले १५० घर धुरीका ४०० जनालाई सुरक्षित क्षेत्रमा सारिएको छ। उक्त नगरपालिकामा पहिरोमा परेर दुईको मृत्यु भएको छ भने तीन बेपत्ता छन्।

पहिरो खसेर नारायणगढ-मुग्लिन सडकसमेत दिनभर जसो नै अबरुद्ध हुन पुगेको छ। यस्तै पृथ्वी राजमार्गअन्तर्गत धादिङ र तनहुँखण्डका विभिन्न क्षेत्रमा पहिरो खसेर क्षति भएको छ। ठाउँठाउँमा सडकअवरुद्ध भएको छ। पूर्वपश्चिम राजमार्गअन्तर्गत नवलपुरस्थित गैंडाकोटमा आएको बाढीले थुम्सीमा रहेको डाइभर्सनसमेत बगाएर सडक आवागमन प्रभावित भएको जनाइएको छ। यस्तै पर्साका केही बस्तीसमेत डुबानमा परेको छ। हुलाकी राजमार्गअन्तर्गत धनुषा र सिरहा जोड्ने कमला नदीको पुल भासिएको छ। मनाङमा समेत वर्षाले असर गरेको छ। महोत्तरी, लहानसहित तराइका जिल्ला तथा डोटीलगायत धेरै जिल्ला आजको वर्षाका कारण प्रभावित भएको छ। मौसम विज्ञान विभागका अनुसार प्रदेश नं १, २, बागमती प्रदेश, लुम्बिनी प्रदेश र गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ। प्रदेश नं १, २, बागमती, लुम्बिनी र गण्डकी प्रदेशकाका केही स्थानमा भारी वर्षा र सिमित ठाउँमा अति भारी वर्षा भएको छ। शुक्रबार पनि मौसम बदली रहने छ।

राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्रका अनुसार पछिल्लो १८ दिनमा विपद्सम्बन्धी १५८ वटा घटना भएका छन्। उक्त घटनामा परी ३३ जनाको मृत्यु भएको र ३० जना बेपत्ता भएको केन्द्रले जानकारी दिएको छ। विपद्जन्य घटनामा परेर ३० जना घाइते भएका छन्। अहिलेसम्म ४७४ घरमा पूर्ण क्षति भएको छ भने ११२ घरमा आंशिक क्षति पुगेको छ। हालसम्म ३६ सरकारी कार्यालय, ६ सामुदायिक भवन र विद्यालय, २२ झोलुङ्गे पुल, १३ वटा पक्की पुल, १३ हाइड्रो पावर, पाँच साना पुल र २ वित्तीय संस्थामा क्षति पुगेको छ। यसअघि मनसुन प्रवेश गरेलगतै गएको बाढी पहिरोमा सिन्धुपाल्चोकका मेलम्ची क्षेत्र र मनाङ जिल्ला प्रभावित भएको थियो। उक्त समयमा ठूलो जनधनको क्षति भएको थियो। नेपालमा गत जेठ २८ गते मनसुन भित्रिएको थियो। जेठ ३० गते मुलुकभर नै मनसुनी वायुको प्रभाव पुगेको थियो।

गृह मन्त्रालयले भारी वर्षा भइरहेकाले बाढी पहिरो र डुबान हुन सक्ने जनाउँदै जोखिम क्षेत्रका बासिन्दालाई सतर्क रहन र सुरक्षित स्थानमा बस्न अनुरोध गरेको छ। सरकारले जोखिम न्यूनीकरणसहित खोज, उद्धार, पुनःस्थापन तथा राहतका कार्यक्रमलाई उच्च प्राथमिकता दिँदै आएको छ। देशमा बाढी, पहिरो, डुवानले गर्दा ठूलो मानवीय र भौतिक क्षति भएको छासडक अबरुद्ध भएका छन।पुल, सडक भत्किएर यातायात ठप्प भएको छ। उद्धार र राहतका लागि सरकारको सम्पूर्ण शक्ति परिचालन गर्नुपर्ने अवस्था छ। यही बेला सरकारलाई अप्ठ्यारोमा पारेर राजनीतिक रोटी सेक्ने शक्ति सक्रिय छन। जानीनजानी राज्यलाई कमजोर बनाउने खेल जारी रहनु जनतालाई कष्ट दिनु हो। यो बेला राज्यका सबै अंग र निकाय तथा नागरिकले सहयोग गर्नु आवश्यक छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| कर्कट | : आर्थिक समस्या | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# भिराको पधेरोले पायो पुर्नजन्म

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असार**

बारैमासे नसुक्ने भिरामको पधेरोले फेरि पुर्नजन्म पाएको छ।

२०७२ सालको भुकम्पले पानीका स्रोतहरु सुक्ने र त्यसपछिका पहिरोले पानीका मुहानपुरेका उदाहरण धेरै सुनिएको विषय हो। पोखरा उपहानगरपालिका वाड नम्वर १९ भुमेपुज्ने समुदायक वनक्षेत्रमा रहेको भिराको पधेरो पनि विगत लामो समयदेखि पहिरोले पुरेकोमा यहाका जनताहरु काकुल थिए। बारैमास मिठो पानी खाना पाईने यश मुहानलाई पन्ध्र हजार खर्च गरि पहिलेकै अवस्थामा ल्याईपुराएको जानाकारी यसै सामुदायक वनका अध्यक्ष मनबहादुर सुनारले बताउनुभयो।

विगतदेखि नै मर्मता अनि मुहानखोजिका लागि वाड कार्यलयमा ताकेता गरेपनि वजेट नपाईएकोले सामुदायक वनको आफ्नै लगानीमा पानीको स्रोत खोजि गरिएको जानाकारी अनुगमन समिताका संयोजक कर्णमोहनले बताउनुभयो।

# पहिराले पुरिएकाको जीवितै उद्धार

**पोखरापत्र संवाददाता**
**तनहुँ, १७ असार**

तनहुँको शुक्लागण्डकी नगरपालिका-८ स्थित फिर्दीको सिम्ले भन्ने स्थानबाट वर्षासँगै आएको पहिराले पुरिएका दुई जनाको जीवितै उद्धार गरिएको छ। वडाध्यक्ष कृष्णप्रसाद रेग्मीले एकै घरका हजुरआमा र नातिको उद्धार गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार यहाँका पाँच घर जोखिममा परेको छ।

चेतबहादुर भुजेलको घरमाथि पहिरो आई पुरिएको घरबाट ५५ वर्षीया खगिमाया भुजेल र १४ वर्षीय विज्ञान भुजेललाई उद्धार गरिएको हो। दुवै घाइतेलाई उपचारका लागि पोखरास्थित गण्डकी मेडिकल कलेज पोखरा पठाइएको छ। पहिराले ९ बाख्रा र एउटा भैंसी पुरिएर मरेको छ।

वडाध्यक्ष रेग्मीका अनुसार सोही वडाको डहरेवस्ती पूर्ण रूपमा जोखिममा परेको छ। "बाङ्गेखोलामा आएको बाढीले ४० घर जोखिममा छ, सुरक्षित रहन सबैलाई सूचित गरिसकिएको छ", उहाँले भन्नुभयो, "उच्च जोखिममा रहेका घरहरूले सामान सारिसकेका छन्।

"वर्षाका कारण बाङ्गे खोला बढ्दा करिब एक हजार दुई सय रोपनीमा लगाइएको धानखेत पूर्ण रूपमा क्षति भएको छ।

# पहिराबाट घर भत्किदा सात घाइते

**पोखरापत्र संवाददाता**
**तनहुँ, १७ असार**

अविरल वर्षासँगै आएको पहिरोले घर पुरिँदा तनहुँका बन्दीपुर, शुक्लागण्डकी, म्याग्दे र भिमादमा घर भत्किदा सात जना घाइते भएका छन्।

बन्दीपुरमा तीन, शुक्लागण्डकीमा दुई र भिमादमा दुई जना घाइते भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिनाले जानकारी दिनुभयो। पहिरोमा परी बन्दीपुर-३ तामुङमा सुभाष थापा, लिल बहादुर थापा र दाउरीमाया थापा घाइते भएका छन्। सोही ठाउँका ७० वर्षीया हरिमाया नेपाली र ३० वर्षीया सरस्वती थापाको मृत्यु भएको छ। भिमाद नगरपालिका -५ मा पहिरोले घर भत्किदा ४५ वर्षीय बुद्धिबहादुर परियार र उनीका २५ वर्षीय छोरा रोजन घाइते भएका छन्। उनीहरूको भिमाद पोलिक्लिनिकमा उपचार भइरहेको छ। प्रहरीले घर भत्किदा रु पाँच लाख बराबरको क्षति भएको छ।

शुक्लागण्डकी नगरपालिका -९ सिम्लेमा पहिरोले घर पुरिँदा ५५ वर्षीया खगीमाया भुजेल र १४ वर्षीय विज्ञान घाइते भएका छन्। उनीहरूको गण्डकी अस्पताल पोखरामा उपचार भइरहेको छ। यसैगरी भिमाद नगरपालिका-७ पट्नेरीमा माटोको ढिस्को खसेर पहिरो जाँदा मनिषा परियारको घरमा क्षति पुगेको छ। पहिरोबाट विस्थापित परिवारलाई सुरक्षित स्थानमा सारिएको छ। पहिरोका कारण रु दश लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ। बन्दीपुर गाउँपालिका-१ चिसापानीमा पहिरोले राजु खड्गीको एक तल्लो गारो लगाएको घर भत्किदा रु पाँच लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ। यस्तै शुक्लागण्डकी-९ सिम्लेमा टेकबहादुर महतको गोठ भत्किदा गोठमा रहेका दश बाख्रा र एक भैसी मरेका छन्। प्रहरी नायब उपरिक्षक तिमिल्सिनाले पहिरोबाट थप क्षतिको विवरण नआइसकेको जानकारी दिनुभयो।

# ताचेका बाढी पीडितलाई खाद्यान्न सहयोग

**पोखरापत्र संवाददाता**
**मनाङ, १७ असार**

नासों गाउँपालिका-८ ताचेका बाढी पीडितलाई लाफा रुङ फाउण्डेशन र नेपाल मगर महिला सङ्घले खाद्यान्न सहयोग गरेको छ।

गत जेठ ३१ मा मर्स्याङ्दी नदीमा अकल्पनीय रूपमा आएको बाढीले ताचेमा क्षति पुऱ्याएको थियो। गाउँपालिका अध्यक्ष चन्द्र घलेलाई फाउण्डेशनका अध्यक्ष चन्द्रज्योति आले मगर, सञ्चालक रक्षाबहादुर रैका मगर, संस्थापक सदस्य सुशीला थापा मगर, तिलु आले मगर, सङ्घका अध्यक्ष विनिता आले मगरलगायतले खाद्यान्न हस्तान्तरण गर्नुभएको थियो। नासों-८ का वडाध्यक्ष हुपजंग गुरुङ मार्फत खाद्यन्न गाउँपालिका अध्यक्ष घलेलाई हस्तान्तरण गरिएको थियो। सहयोग सामग्रीमा ६० बोरा चामल, २५ केजी दाल, २५ केजी नुन, ६० लिटर तेल, मोबाइल पावर बैंक ३ थान र रु ५० हजार नगद लगायत छन्। 'जहाँ विपद्, त्यहाँ लाफा रुङ फाउण्डेशन' भन्ने नाराका साथ फाउण्डेशनले बाढी प्रभावित सहयोग गरेको जनाइएको छ। फाउण्डेशनले यसअघि सिन्धुपाल्चोकको हेलम्बुका बाढी पीडितलाईपनिसहयोगगरेकोथियो। फाउण्डेशनले हालसम्म झण्डै दुई सय ५० घरधुरीलाई राहत वितरण गरिसकेको छ। फाउण्डेशनका अध्यक्ष मगरले मानवीय सेवा जारी रहने जानकारी दिनुभयो

# पोखरा ३२ कालिका नगर डुबानमा, निकासका लागि प्रदेश सांसद कोइरालाको पहल

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असार**



पानीको निकास नहुँदा पोखरा महानगरपालिका वडा नम्बर ३२ स्थित कालिका नगर डुबानमा परेको छ। लगातारको वर्षापछि आएको भलपानी र स्थानिय बिजयपुर बेगनास सिंचाई आयोजनाका लागि बनेको नहरको पानीसमेत मिसिएर कालिका नगरमा जम्मा हुँदा सो क्षेत्र डुबानमा परेको हो। कालिका नगर डुवानमा परेको जानकारी प्राप्त गरेको भएपछि उक्त क्षेत्रका प्रदेश सांसद दीपक कोइरालाले निकासको लागि पहल लिनु भएको छ।

पानीलेउचित निकास नपाउँदा कालिका नगर क्षेत्र डुबानमा परेको स्थानिय शिवजी लामिछानेको भनाईछ। त्यस क्षेत्रका करीब ६० घर डुबानमा परेका छन्। बाढी तथा पहिरो ब्यबस्थापन समितिका संयोजकसमेत रहेका लामिछानेले बिजयपुर बेगनास सिंचाई आयोजनाका लागि बनाएको नहरको पानी डाँडाको नाक प्रहरी चौकीसँगै जोडिएको कल्भर्ट बाटो तल नखोलेर लेखनाथको तालचोक, भण्डारढीकतर्फ पठाईनु, घोतघोतेबाटपनि निकास नदिई कालिका नगरतर्फ मात्र पठाउँदा त्यसको असर कालिका नगरमा देखिएको गुनासो गर्नुभयो। डाँडाकोनाक र घोतघोतेबाट पानी सेती तर्फ नियमित बग्न दिनु पर्थ्यो, तर त्यहाँ बन्द गरेर सबै हाम्रोतिर पठाउँदा हाम्रो क्षेत्र डुबानमा पऱ्यो,उहाँको भनाई थियो। कालिका नगरको पूर्वी क्षेत्रमा उद्योगी हरि पाण्डे,शुन्दर कुमार श्रेष्ठ लगायतले पर्खाल लगाएर निकास नदिदा स्थानियले शास्ती बेहोर्नु परेको बताएका छन्।

कालिका नगर क्षेत्र डुबानमा परेपछि त्यहाँको पानीको निकासका लागि गण्डकी प्रदेश सभा सदस्य दीपक कोइरालाले पहल थाल्नु भएको छा सांसद कोइरालाले कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतम, सडक डिभिजन कार्यालय कास्कीका प्रमुख सुनिलबाबु पन्त ,जलश्रोत सिचाई डिभिजन कार्यालयका प्रमुख किरण आचार्य,३२नं वडाका वडाध्यक्ष अक्कल बहादुर कार्की, वडासदस्य लगायतलाई सँगै लगेर सो क्षेत्रको अवलोकन गर्दै निकासका लागि पहलकदमी लिनुभएको हो। अवलोकनका क्रममा कोइरालाले प्रजिअगौतमलगायतलाईडाँडाकोनाक चौकी, घातघोतेलगायतका क्षेत्रबाट तल्लो क्षेत्रमा रोकिएको पानीको निकास खोल्ने, हरि पाण्डेलगायतको क्षेत्रबाट जमिनमा क्षेति नपुग्ने गरि निकास दिन आग्रह गर्नुभयो। उहाँको आग्रहलाई प्रजिअ गौतमलगायतले स्वीकार्दै तत्काल सरोकार वालाहरुसँग समन्वय गरेर पानीको निकास दिने प्रतिबद्धता जनाउनु भएको थियो।

महानगर कार्यालयसँगपनि समन्वय हुने बताए। सो अवसरमा सांसद कोइरालाले त्यस क्षेत्रमा वर्षेनी बाढीको समस्या हुने भएकाले यसको दिर्घकालीन समाधानका लागि आवश्यक भूमिका खेल्नेसमेत बताउनु भएको छ।

# यी क्षेत्रमा मेघगर्जन/चटयाङसहित भारी वर्षा

**रासस**
**काठमाडौं, १७ असार**

देशभर हाल मनसुनी वायुको सक्रिय प्रभाव तथा तराई भूभाग नजिक मनसुनी न्यून चापीय रेखा रहेकाले देशभर सामान्यदेखि पूर्ण बदली रहनुका साथै अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल प्रदेश नं १, प्रदेश नं २, वाग्मती र गण्डकी प्रदेशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ। यी प्रदेशका एक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षा भइरहेको छ। बाँकी प्रदेशका एक/दुई स्थानमा हल्का वर्षा भइरहेको छ। काठमाडौं उपत्यकामा गए रातिदेखिनै निरन्तर हल्का वर्षा भइरहेको छ। उपत्यकाको आकाश पूर्ण बदली रहेको छ। महाशाखाले जारी गरेको आगामी तीन दिनको मौसम पूर्वानुमान बुलेटिनमा आज देशभर सामान्यदेखि पूर्ण बदली रहनुका साथै प्रदेश नं १, प्रदेश नं २, वाग्मती प्रदेश, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशका थोरै स्थानका साथै लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश नं १, प्रदेश नं २, वाग्मती, लुम्बिनी र गण्डकी प्रदेशकाका केही स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षा तथा थोरै स्थानमा धेरै भारी वर्षाको सम्भावना रहेको छ। राति पनि यही मौसमी प्रणाली जारी रहनेछ।

# बाढी पहिराले रोकियो गाउँसभा

**पोखरापत्र संवाददाता**
**मनाङ, १७ असार**

मनसुन शुरु भएसँगै हिमाली जिल्ला मनाङ बाढी पहिराको चपेटामा परेको छ। असार महिना आर्थिक वर्षको अन्तिम समय हो तर मनाङका दुई पालिकाले भने आर्थिक वर्षको तोकिएको समयमा गाउँसभा गरी बजेट, नीति तथा कार्यक्रम गर्न सकेका छैनन्।

मनाङका चार स्थानीय तहमध्ये नासों र मनाङ डिस्याङ गाउँपालिकाले समयमै गाउँसभा गरिसकेका छन्। तर चामे र नार्पाभूमि गाउँपालिकाको भने गाउँसभा हुन सकेको छैन। सबैभन्दा बढी जोखिममा परेको नासोंले बगरमा नै गाउँसभा गरेको छ भने डिस्याङले भर्चुअल माध्यमबाट गाउँसभा गरी बजेट सार्वजनिक गरेको छ।

बाढी पहिराको जोखिमले गर्दा जिल्लाको सदरमुकाम चामे गाउँपालिका र प्रदेशको सडक सञ्जालबाट टाढा रहेको विकट स्थानको नार्पाभूमि गाउँपालिकाले हालसम्म पनि गाउँसभा गर्न सकेको छैन। पालिकाका विभिन्न स्थानमा बाढी पहिराको जोखिमले गर्दा गाउँसभाको काम पुरा गर्न नसकेको गाउँपालिकाका अध्यक्ष लोकेन्द्र बहादुर घलेले जानकारी दिनुभयो। "नदीमा बाढी घट्ने सम्भावना कम छ, चामेको हरेक क्षेत्र नदीको किनार पर्ने र जोखिम बढी हुँदा गाउँसभा गर्न मुस्किल भएको छ, नदीको बहाव बढ्यो भने पालिकावासीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नतर्फ बढी ध्यान केन्द्रित गर्नुपर्ने हुन्छ, गाउँपालिकाको काम पुरा गर्न सकेको छैन", अध्यक्ष घलेले भन्नुभयो, "असार २५ देखि २७ गतेभित्र गाउँसभा गर्ने योजना बनाएका छौं, समयले साथ दिन्छ कि दिदैन भन्ने मात्रै छ।" त्यस्तै नार्पाभूमिमा पनि धेरै स्थानमा बाढीले स्थानीयवासीमा प्रभाव पारेपछि समयमा गाउँसभा गर्न नसकेको गाउँपालिकाका अध्यक्ष मिङ्मार लामाले बताउनुभयो। "जनतालाई बचाउनु कि पालिकाको काम गर्नु जस्तो भएको छ, समयमा गाउँसभा गर्न नसकेपनि यो महिनाको अन्तिमसम्ममा गर्ने तयारीमा छौं", अध्यक्ष लामाले भन्नुभयो। बाढी पहिराका कारण जिल्लामा विद्युत् र सञ्चारको कठिनाइ भएको छ। यस्तो अवस्थामा गाउँसभा गर्नुपर्ने हुँदा जनप्रतिनिधि समस्यामा परेका छन्। दुवै पालिकाले यस वर्ष विपद्मा परेकाले विपद्, स्वास्थ्य र सडक सञ्जाललाई बढी प्राथमिकतामा राखेर बजेट सार्वजनिक गर्ने जनाएका छन्।

# तनहुँमा पहिरोमा परी दुईको मृत्यु, तीन घाइते

**पोखरापत्र संवाददाता**
**तनहुँ, १७ असार**

बन्दीपुर गाउँपालिका-३ तामुङमा पहिरोले दुई जनाको मृत्यु भएको छ। पहिरोमा परी एक गम्भीरसहित तीन जना घाइते भएको प्रहरीले जनाएको छ। पहिरोबाट तामुङका करिब ३० वर्षीया सरस्वती थापा र ७० वर्षीया हरिमाया बसेलको निधन भएको हो। उनीहरूको घटनास्थलमै मृत्यु भएको वडासदस्य हर्कबहादुर थापाले जानकारी दिनुभयो। सरस्वतीका ससुरा दिलबहादुर मगर, सासू दाउरीमाया मगर र देवर सुवास थापा घाइते भएका छन्। पहिरोका कारण चार घर जोखिममा रहेको उहाँले जानकारी दिनुभयो।

पहिरोमा पुरिएर घाइते भएकामध्ये एक जनाको अवस्था चिन्ताजनक रहेको उहाँले बताउनुभयो। घर माथिबाट खसेको पहिरोले घर पुरेको गाउँपालिकाका उपप्रमुख करुणा गुरुङले बताउनुभयो। घटनास्थल जाने बाटोहरु पहिरोले अवरुद्ध भएका कारण जनप्रतिनिधिहरु हिँडेर घटनास्थल जाँदै गरेको उपप्रमुख गुरुङले जानकरी दिनुभयो।

# समाजसेवी चित्रवहादुरको निधन

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असार**

पोखरा महानगपालिका वडा नं १३ स्थित भद्रकाली माविको विद्यालय व्यवस्थापन समितिका सदस्य चित्रबहादुर विकको विहीवार निधन भएको छ ।



केही दिनदेखि विरामी परेका विकको उपचार गर्दा गर्दै अस्पतालमा निधन भएको हो ।

मिलनसार, शिक्षाप्रेमि, सामाजिक अभियन्ता जनसेवाका हरेक कार्यमा दिनरात खटिने हुन चित्रवहादुर । लामो समयदेखि भद्रकालीको विद्यालयको भौतिक निर्माण तथा शैक्षिक विकासमा विकको ठूलो यागदान रहेको छ । वडा नं. १३ नववुर्गा टोल विकास संस्थाका पूर्व अध्यक्ष भएर समाजमा राम्रो कार्य गरिसकेको चित्रबहादुर कमल पोखरी संरक्षण समितिका अध्यक्ष पनि हुन् । विक नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का जिल्ला सदस्य र दलित मुक्तिमोर्चा कास्कीका जिल्ला अध्यक्ष लगायत विभिन्न संघ संस्थामा क्रियाशिल थिए। विकको श्रीमती, तीन छोरा छन् ।

# जिप दुर्घटनामा दुईको मृत्यु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १७ असार**

जिल्लाको मङ्गला गाउँपालिका-२ मिठौलामा बुधबार राति भएको जिप दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । सिमलचौरदेखि पूर्णगाउँतर्फ जाँदै गरेको ग १ ज ७६५२ नम्बरको जिप घुम्तीबाट खस्दा थप छ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ।

प्रहरी नायब उपरीक्षक श्यामकुमार राईले मङ्गला-१ पूर्णगाउँकी १९ वर्षीया सबिना भण्डारी र १५ वर्षका विमल विकको मृत्यु भएको पुष्टि गर्नुभयो । "उनीहरुलाई बेनी अस्पताल ल्याइपुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए", उहाँले भन्नुभयो "छ जनाको बेनी अस्पतालमा उपचार भइरहेको छ ।" घाइते र मृतक सबै मङ्गला गाउँपालिका-१ का हुन् ।

अस्पतालमा १९ वर्षीय अनिल रसाइली, २५ वर्षीय सुदन आचार्य, २६ वर्षीया एञ्जिता भण्डारी, आठ वर्षीया अदिना नेपाली, ३५ वर्षीया गीता खत्री र २३ वर्षीया अमृता रसाइलीको उपचार भइरहेको छ। दुर्घटना भएको ठाउँको साँघुरो सडकको घुम्ती र ग्रेड मिलेको छैन। जिप सडकदेखि करिब ५०० मिटर तल खोल्सामा खसेको थियो । राति सवा आठ बजेतिर दुर्घटना भएको थियो । घाइतेको स्थानीयवासी र प्रहरीले उद्धार गरेर बेनी पठाएका थिए । सिमलचौर-मिठौला-पूर्णगाउँ मङ्गलाको केन्द्र बाबियाचौरदेखि वडा नं १ लाई जोड्ने वैकल्पिक सडक हो।

कोरोना सङ्क्रमण फैलिएपछि यही असार १४ गतेदेखि २३ गतेसम्मका लागि मङ्गला-१ स्थित कुहुँलाई सिल गरिएको थियो । दुर्घटना भएको जिप वडा नम्बर २ को भूगोलमा पर्ने सडक प्रयोग गरेर वडा नम्बर १ को पूर्णगाउँतर्फ जाँदै थियो । दुर्घटनाबारेमा थप अनुसन्धान शुरु गरिएको प्रहरी निरीक्षक विक्रमराज गुरुङले बताउनुभयो ।

# पृथ्वी राजमार्ग ठाउँठाउँमा अवरुद्ध

**पोखरापत्र संवाददाता**
**तनहुँ, १७ असार**

मङ्गलबार साँझदेखि परेको अविरल वर्षापछि गएको पहिरोले ठाउँठाउँमा पृथ्वी राजमार्ग अवरुद्ध भएको छ । तनहुँको पूर्वी नाका आँबुखैरेनीदेखि पश्चिम नाका कोत्रेसम्मको करिब ७२ किलोमिटर दूरी पर्ने राजमार्गको ठाउँठाउँमा पहिरो जाँदा अवरुद्ध भएको हो ।

जिल्ला प्रहरी कार्यालय तनहुँले दिएको जानकारी अनुसार शुक्लागण्डकी नगरपालिका-७ कुम्लेखोला नजिक पहिरो जाँदा राजमार्ग अवरुद्ध भएको छ।त्यसैगरी व्यास नगरपालिका-१२ घाँसीकुवा र छिर्कनमा पहिरो जाँदा राजमार्ग अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिनाले जानकारी दिनुभयो ।

पहिरो गएर राजमार्ग अवरुद्ध भएपछि बिहान ३ बजेदेखि प्रहरी राजमार्ग खुलाउन व्यस्त रहेको उहाँले बताउनुभयो। उहाँका अनुसार बन्दिपुर गाउँपालिकामा पहिरो गएर राजमार्ग अवरुद्ध भएको छ। बन्दिपुर-१ गुरुङ र बन्दिपुर-४ डुम्रेमा पहिरो जाँदा राजमार्ग अवरुद्ध भएको हो ।

बन्दीपुर-४ तामुडमा पहिरोले दुई घर बगाउँदा एक जना बेपत्ता भएको र पाँचको उद्धार भएको जानकारी पाएको गाउँपालिकाका अध्यक्ष पुर्णसिं थापाले जानकारी दिनुभयो । उहाँका अनुसार पहिरोले बन्दिपुर-३ मा दुई वडा नं ५ मा तीन घर बगाएको खबर आएको छ । मानवीय क्षति नभएको र अन्य क्षेत्रमा भएका घटनाको जानकारी लिने प्रयास भइरहेको उहाँले जानकारी दिनुभयो ।

# छ महिनामा ५८ हजार विदेशी पर्यटक भित्रिए

**रासस**
**काठमाडौं, १७ असार**

कोभिड-१९ महामारीको नराम्रो असर मुलुकको पर्यटन क्षेत्रमा परेको छ।

विदेशी मुद्रा आर्जनको प्रमुख स्रोत विदेशी पर्यटक आवागमनको सङ्ख्या निराशाजनक देखिन्छ । महामारीकैबीच पनि भिनो सङ्ख्यामा भए पनि विदेशी पर्यटक नेपाल आइरहेका छन् ।

नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार सन् २०२१ को छ महिनामा ५८ हजार ५८ विदेशी पर्यटक भित्रिएका छन् । वर्षको जुन महिनामा जम्मा एक हजार १४३ पर्यटक हवाई मार्ग भएर नेपाल आएका छन् ।

सोही महिनामा अघिल्लो सन् २०१९ मा ४४ हजार ३६९ थियो। सन् २०२० को यही महिनामा १०२ जना मात्रै विदेशी नेपाल आएका थिए । बोर्डका प्रवक्ता मणि लामिछानेका अनुसार यो वर्षको जनवरीमा आठ हजार ८७४, फेब्रुअरीमा नौ हजार १४६, मार्चमा १४ हजार ९७७ र अप्रिलमा सबैभन्दा बढी २२ हजार ४५० विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन् । यस्तै मेमा एक हजार ४६८ र जुनमा एक हजार १४३ पर्यटक नेपाल आएका छन् । जुनमा नेपालबाट तीन हजार ६०६ विदेशी बाहिरिएका छन् ।

# टोकियो ओलम्पिकमा पार्कीका सट्टा चौधरीले प्रतिस्पर्धा गर्ने

**रासस**
**काठमाडौं, १७ असार**

आगामी महिना जापानको राजधानी टोकियोमा शुरु हुने ओलम्पिकमा नेपालबाट एथ्लेटिक्स खेलाडी सरस्वती चौधरीले प्रतिस्पर्धा गर्नुहुने भएको छ।

यसअघि म्याराथनमा गोपीचन्द्र पार्कीले प्रतिस्पर्धा गर्ने तय भए पनि टोकियो ओलम्पिक कमिटीले असहमति जनाउँदा उहाँका सट्टा चौधरीले सहभागिता जनाउने हुनुभएको हो ।

नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ, राष्ट्रिय खेलकूद परिषद् (राखेप) का सदस्य-सचिव रमेशकुमार सिलवाल र नेपाल एथ्लेटिक्स संघका अध्यक्ष राजीवविक्रम शाहले आज संयुक्त विज्ञप्ति जारी गर्दै पार्कीका सट्टा चौधरीले टोकियो ओलम्पिकमा सहभागिता जनाउने सार्वजनिक गर्नुभएको हो । पार्कीको सहभागिता सम्भव नभएकाले चौधरीले प्रतिस्पर्धा गर्ने विज्ञप्तिमा उल्लेख छ।

युनिभर्सिटी प्लेसमार्फत ओलम्पिकमा सहभागिता सुनिश्चित गर्नका लागि सम्बन्धित खेलको अन्तर्राष्ट्रिय महासंघको प्राविधिक कमिटीबाट निर्णय हुने भएको हुँदा म्याराथनका हकमा कोटाभन्दा धेरै आवेदन परेको हुँदा नेपाललाई म्याराथनमा नभई एथ्लेटिक्स विधाको १०० मिटर दौडमा कोटा छुट्याइएको जानकारी प्राप्त भयो,' विज्ञप्तिमा भनिएको छ।'

पार्कीको सहभागिताबारे आयोजक असहमत भएपछि चौधरीको नाम सर्वसम्मत छनोट गरिएको सदस्य सचिव सिलवालले जानकारी दिनुभयो । आयोजकले म्याराथनको सट्टा एक सय मिटरतर्फ महिलालाई मात्र स्थान दिन सक्ने भनी पत्र पठाएपछि चौधरीको नाम छनोट गरिएको उहाँको भनाइ छ ।

चौधरीले एथलेटिक्सको महिला १०० मिटर दौडमा प्रतिस्पर्धा गर्नुहुने छ । नेपाली सेनाको त्रिभुवन आर्मी क्लबमा आबद्ध चौधरीसहित पौडीकी गौरिका सिंह र एलेक्स शाह, सुटिङकी कल्पना परियार तथा जुडोकी सोनिया भट्टले पनि टोकियो ओलम्पिकमा सहभागिता जनाउनुहुने छ । टोकियो ओलम्पिक आगामी साउन ८ देखि २४ गतेसम्म सञ्चालन हुने तय भएको छ।

# रोपिसकेको धान खोलाले डुबायो

**पोखरापत्र संवाददाता**
**तनहुँ, १७ असार**

मङ्गलबार रातिदेखि परेको अविरल वर्षाका कारण तनहुँको म्याग्दे खोलामा आएको बाढीले धानखेत डुबाउँदा कृषक चिन्तित भएका छन् ।

असारको दोस्रो साता आठ रोपनीमा रोपेको धान खोलाले डुबाएको म्याग्दे गाउँपालिका-६ का दीर्घबहादुर भण्डारीले बताउनुभयो । वर्षभरिको गुजारा चलाउने धानखेत डुबानमा परेको उहाँले जानकारी दिनुभयो ।

धान रोपेको चार दिनमै खेत बगरमा परिणत भएको छ । उहाँले भन्नुभयो, "यसपालिको बाढीले रोपेको धान पूरै सखाप भयो । फेरि रोपाइँ गर्नका लागि न बीउ छ, न त खेत नै ।" खेत रोप्दा बीउ र ज्याला गरी रु २० हजारभन्दा बढी खर्च भएको उहाँले बताउनुभयो ।

उत्पादन हुने धान बेचेर गुजारा टार्दै आउनुभएका भण्डारीले यस वर्ष आफैँलाई पनि जीविकोपार्जन गर्न समस्या हुने गुनासो गर्नुभयो । खोलाको धार खेततर्फ सोभिएपछि भण्डारीलाई जमीन पुरानै अवस्थामा कसरी फर्काउने भन्ने चिन्ता पनि थपिएको छ। मङ्गलबार राति आएको बाढीले खेत बगर बनाएपछि यहाँका १०० बिघाभन्दा बढी खेत डुबानमा परेको छ।

अर्का कृषक शिव भण्डारीले खेत डुबानमा परेर खेतमाथि खोला बगिरहेको बताउनुभयो । "खेत डुबानमा परेर खेतमा खोला बगिरहेको छ, केही खेतमा भेल पसेर बालुवा र गेग्रान थुप्रिएको छ", उहाँले भन्नुभयो । खोलाले कटान गरेको खेत बिराएर धान रोप्ने अवस्था यो वर्ष नरहेको उहाँको गुनासो छ । "अब धानको बीउ पनि पाइँदैन, पाइहाले पनि छिप्पिसकेको बीउ रोप्न मिल्दैन", उहाँले भन्नुभयो ।

उहाँका अनुसार रोपाइँमा करिब रु १० हजार खर्च भएको थियो । रोपेको एक साता नबित्दै उहाँको खेत बगर बनेको छ। "ट्र्याक्टरलाई मात्र रु सात हजार दिएको छु, रोपार, आली लगाउने खेताला खोज्दा खर्च भयो । आफ्नो दुःखको त कुरै छाडौं", उहाँले भन्नुभयो, "लगानी खेर गयो ।"

तटबन्धन तथा बाढी रोकथामको अभावमा बर्सेनि बाढीले दुःख दिने गरेको किसानको गुनासो छ । स्थानीय सरकार र कृषि ज्ञान केन्द्रले दीर्घकालीन रूपमा बाढी रोकथामका लागि तटबन्धको व्यवस्था गर्न पहल गर्नुपर्ने किसानको माग छ । कृषि ज्ञान केन्द्र तनहुँका अनुसार म्याग्दे, व्यासलगायत अन्य केही पालिकामा धान खेतमा क्षति पुगेको छ । मुचुल्कासहित क्षति विवरण सङ्कलन गर्न थालिएको कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख कुलप्रसाद तिवारीले बताउनुभयो । "वडागत रूपमा क्षति सङ्कलन गर्ने र सङ्कलित विवरण गण्डकी प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा पेस गर्छौं ।" तनहुँमा बुधबारसम्म ५० प्रतिशत भूभागमा रोपाइँ सकिएको छ।

# बाढी पहिराले आवातजावत र काममा कठिनाइ

**– नवीन लामिछाने**
**मनाङ, १७ असार**

निरन्तर वर्षासँगै मनाङस्थित मर्स्याङ्दी नदीमा आएको बाढी-पहिराले भौतिक संरचनासँगै बस्तीहरूमा ठूलो क्षति पुऱ्याएको छ । बाढीले सडक, पुल, विद्युत गृह र बस्तीमा क्षति पुगेको छ । सडक र पुल बगेपछि गाउँहरू बीच आवतजावत विच्छेद भएको छ । सदरमुकाम चामे, नासोँ, डिस्याङ र नार्पाभूमि गाउँपालिकामा यातायात पूर्ण रूपमा अवरुद्ध छ ।

सदरमुकाम चामे बजार जोड्ने सडक तथा मोटरेबल पुलमा क्षति पुगेपछि अनुगमनका लागि प्राविधिक टोली पुगेको छ। प्राविधिक टोली डोरीको सहायताले उक्त स्थानसम्म पुगेको हो । पुल जोगाउन र पानी थुनिएको भागको मर्स्याङ्दी नदी खुलाउन प्राविधिक पुगेको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले जानकारी दिनुभयो। जिल्लाका चामे, नासोँ, नार्पाभूमि र डिस्याङ गाउँपालिकामा बाढी-पहिराका कारण पैदल हिड्नसमेत जोखिम रहेको पूर्वाधार विकास कार्यालयका इञ्जिनियर जय विष्टले बताउनुभयो। डोरीको सहायता लिएर अनुगमन गरिएको विष्टले बताउनुभयो।

"नासोँ गाउँपालिका पूर्ण रूपमा जोखिममा र अधिकांश स्थानमा आवतजावत रोकिएको छ, चामे गाउँपालिकाका अधिकांश ठाउँमा बाटो बगाएको छ", उहाँले भन्नुभयो, "पहिराले बाटो भत्काएपछि कतिपय ठाउँमा डोरीको सहयताले हिड्नुपर्ने बाध्यता छ, अधिकाशं ठाउँको बाटो नै साना खोलाले कटान गरेकाले डोरीले समातै २५-३० किलोमिटर बाटो पदैल हिडेर एक दिन भन्दा बढी लगाएर माथिल्लो मनाङ पुगेर योजनाको अनुगमन गरेका छौं ।"

बाटो भत्किएपछि अधिकांश गाउँको सम्पर्क विच्छेद भएको छ । "खाङ्सारदेखि बैँशीसहरसम्म पुग्न १० घण्टा लाग्छ, अधिकाशं सडक, पक्की, भोलुङ्गे र काठे पुल बगाएको छ", लामिछानेले भन्नुभयो। त्यस्तै खाद्य सामग्रीको अभाव हुन थालेको उहाँले बताउनुभयो । "नासोँ गाउँपालिका लगायत अन्य गाउँमा आवतजावत हुन नसक्ने र ढुवानी गर्न नसक्दा खाद्यान्न अभाव हुन थालेको छ, एक गाउँबाट अर्को गाउँमा प्रत्यक्ष सम्पर्कका लागि नदीको किनारमा जोखिम मोलेर एक दिन हिंडेर पुग्नुपर्ने बाध्यता छ, सूचना आदानप्रदानमा पनि कठिनाइ छ", प्रजिअ लामिछानेले भन्नुभयो।

त्यस्तै पानी परिरहेकाले नदीको बहाव बढ्दै गएको र चामे बजार थप जोखिममा परेको छ । चामे क्षेत्रका स्थानीयवासीलाई सतर्क रहन जिल्ला प्रशासन कार्यालय मनाङले अनुरोध गरेको छ। मर्स्याङ्दी नदीमा आएको बाढीले डिस्याङ गाउँपालिका-१ पिसाङस्थित भोलुङ्गे पुल बगाएको छ।

भोलुङ्गे पुल बगाएपछि माथिल्लो पिसाङ र तल्लो पिसाङको आवतजावत विच्छेद भएको छ । "निरन्तर वर्षाका कारण माटो गल्दै गएपछि पहिरोको जोखिम अझै बढेको छ। जिल्लाका बस्ती बस्ने ठाउँ केही बाढीले बगाइसकेको छ भने बाँकी रहेका पनि अति जोखिममा छन्", उहाँले भन्नुभयो।

गत जेठ १४ गतेदेखि नै बाढीपहिराका कारण सडक तथा पुलमा आंशिक रूपमा क्षति पुगेको थियो । बाढीपहिराले दुई सातादेखि जिल्लामा सडक सञ्जाल पूरै अवरुद्ध छ । बाढीले गर्दा पुलमा अड्किएका काठ, ढुङ्गा र बालुवा निकाल्न नसक्दा नदीको धार बस्तीतर्फ पसेर भौतिक संरचना बगाउदै आएको छ।

# फुटबलको बन्द प्रशिक्षण एक सातापछि

**रासस**
**काठमाडौं, १७ असार**

राष्ट्रिय फुटबल टोलीको बन्द प्रशिक्षण एक सातापछि शुरु हुने भएको छ । आजदेखि प्रारम्भ हुने तय भएको प्रशिक्षण यही असार २३ गतेदेखि शुरु हुने अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले जनाएको छ। साफ फुटबल च्याम्पियनसिप र एएफसी एशियन कपको छनोटको तयारी गर्न बन्द प्रशिक्षणका लागि ५० खेलाडी छनोट गरिएको थियो । राष्ट्रिय फुटबल टोलीका प्रशिक्षक अब्दुल्लाह अलमुतारीले प्रारम्भिक टोली घोषणा गर्नुभएको हो।

प्राविधिक कारणले आजदेखि हुने भनिएको प्रशिक्षण एक साता स्थगन गरिएको एन्फाले जनाएको छ । प्रशिक्षण एन्फा कम्प्लेक्स सातदोबाटोमा हुनेछ । प्रशिक्षण दुई चरणमा हुनेछ । एउटा टोलीले विहान तथा अर्को टोलीले अपराह्न अभ्यास गर्ने छ । बन्द प्रशिक्षणका लागि अर्पण कार्की, विकेश कुथु, विशाल श्रेष्ठ, विशाल सुनार, दीप कार्की, किरणकुमार लिम्बू, आशिष लामा, अभिषेक रिजाल, अमित तामाङ र अनन्त तामाङ छनोट हुनुभएको छ। यसैगरी अन्जन विष्ट, एरिक विष्ट, आयुष घलान, भरत खवास, विवेक बस्नेत, विशाल राई, दर्शन गुरुङ, दिनेश राजवंशी, दोना थापा, गौरव बुढाथोकी, गौतम श्रेष्ठ, जर्जप्रिन्स कार्की, कमल थापा, मनिष डाँगी, मिक्चेन तामाङ, नवयुग श्रेष्ठ, नीरज बस्नेत र निशान खड्का पनि बन्द प्रशिक्षणका लागि छनोटमा पर्नुभएको छ।

# शरणार्थी परिचयपत्र नवीकरण

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असार**

ढोरपाटनमा बसोबास गर्ने तिब्बती शरणार्थीको परिचयपत्र नवीकरण गरिएको छ । जिल्ला प्रशासन कार्यालयको टोली बुधबार शिविरमै पुगेर ५० शरणार्थीको परिचयपत्र नवीकरण गरेको हो।

बर्सेनि असार मसान्तभित्र शरणार्थी परिचयपत्र नवीकरण गर्ने गरिएको कार्यालयका प्रशासकीय अधिकृत सूर्यलाल विश्वकर्माले जानकारी दिनुभयो । तिब्बतीहरू विसं २०१६ मा शरणार्थीका रूपमा ढोरपाटन पुगेका थिए । पछिल्लो समय ढोरपाटनमा बस्ने शरणार्थीको सङ्ख्या घट्दो छ।

शुरुका वर्षमा सयौं शरणार्थी परिवार त्यहाँ बस्थे । शिविर परिवर्तन, विदेश पलायन र शहरी क्षेत्रमा बसोबास गर्ने क्रम बढेपछि ढोरपाटनमा तिब्बती शरणार्थी घटेका हुन् । सरकारले शरणार्थीको बसोबासका लागि अस्थायीरूपमा जग्गा व्यवस्थापन गरेको छ । शरणार्थीले आफ्नै कमाइ र मेहनतमा घर बनाएर बसेका छन् । दशकौँदेखि यहाँको समुदायसँग घुलमिल भएर बसेका उनीहरूले नेपाली नागरिकताको माग गर्दै आएका छन् । भाषिक समस्याका कारण शरणार्थीका बालबच्चा भने पोखरा बसेर पढ्छन् । कतिपय शरणार्थी शहरी क्षेत्रमा पुगेर श्रम र रोजगारीबाट जीविका चलाउने गर्छन् । ढोरपाटनसहित देशका विभिन्न ठाउँमा तिब्बती शरणार्थी बस्छन् ।

# दुई दिनमा २३ सडक अवरुद्ध

**रासस**
**काठमाडौं, १७ असार**

नियमित वर्षाका कारण पछिल्लो दुई दिनमा देशका २३ सडक अवरुद्ध बनेका छन् । नियमित वर्षाका कारण आएको बाढी र पहिरोले अहिले १४ सडक ठप्प छन् भने ४९ सडक एकातर्फबाट मात्रै सञ्चालनमा छन् ।

पूर्व-पश्चिम राजमार्गको नवलपूरको थुम्सी, पितौंजीमा अवरुद्ध छ। दुई साता पहिलेदेखि नै अवरुद्ध भएकाले सडक विभागले खुलाइरहेको डुम्रे-बेशीशहर-चामे सडक पहिरोका कारण थप क्षतिग्रस्त बनेको छ । यो सडक भन्सार र तुरतुरेमा अवरुद्ध भएकामा तुरतुरेमा एकातर्फबाट सडक खुलाइएको छ । बैंशीसहर-चामे सडक ठप्प भएकामा पैदलयात्रु समेत भुम्डिएर यात्रा गर्नुपरेको सडक विभागका उपमहानिर्देशक भीमार्जुन अधिकारीले जानकारी दिनुभयो । बुधबार नै हुलाकी राजमार्गअन्तर्गत बर्दियाको सत्तीघाट कर्णाली पुलमा सडक अवरुद्ध भएको छ । चितवन जिल्लाको ठोरी-भरतपुर-मुग्लिन, आँबुखैरेनी-गोरखा-घ्याम्पेसाल सडक र आरुघाट-सिर्दिवास-रोइला सडक पनि अवरुद्ध छ ।

राष्ट्रिय राजमार्गमा नै बाढी र पहिरोले अवरोध पुऱ्याएकामा विभिन्न सडकमा एकातर्फको पहिरो हटाएर सवारीसाधन चल्न थालेको छ। अरनिको राजमार्गको सखुवा, बिपी राजमार्गको मामिर्त र कमेरे फाँटमा सडक एकातर्फी रूपमा चालु छ। पृथ्वी राजमार्गका धेरै ठाउँमा बुधबार पहिरो गएकामा आजसम्म एकातर्फको सडक खुलाएर सडक सुचारु गरिएको छ । यो राजमार्गको जोगीमारा-जवांग खोला खण्ड, एनापहरा, याम्पा, डुम्रे, देउराली, घाँसीकुवा, कुम्लेखोलालगायतका स्थानमा सडक आंसिक सुचारु अवस्थामा छन् । त्रिभुवन राजपथको टिस्टुङ-देउराली कालापानी सडक, सिद्धार्थ राजमार्गको सिद्धबाबा, र पूर्व-पश्चिम राजमार्गको खरङ्गामा पनि एकातर्फबाट मात्रै सडक सुचारु छ । अरनिको राजमार्गमा पर्ने सिन्धुपाल्चोक जिल्लाको कोदारीमा अवरुद्ध सडक अझै खुल्न सकेको छैन । रसुवाको त्रिशुली खोला, सानो भार्खु खोला, गाँजाबारीमा असार १ मा पहिरोले अवरुद्ध सडक पनि अझै अवरुद्ध छ। गत जेठ ३१ गतेदेखि अहिलेसम्म गरी ८५ सडक पूर्ण रूपमा अवरुद्ध रहेकामा अहिलेसम्म २४ सडक दुवैतर्फबाट सुचारु भइसकेको छ । ४८ सडक आशिंक र १३ पूर्णरूपमा ठप्प छन्।